# पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## ११६ औं कार्यपालिका बैठकको प्रस्तावहरुः-

१. ११४ औं र ११५ औं कार्यपालिका बैठकका निर्णयको समिक्षा सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८१/८२ का योजना तथा कार्यक्रम सम्पन्न तथा फरफारक सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/८३ को मसलन्द कार्यालय सामग्री सम्बन्धमा ।
४. शीतला देवी निर्माण सेवाको ठेक्काको म्याद थप सम्बन्धमा ।
५. रोजगार संवाद मञ्चमा सदस्य थप सम्बन्धमा ।
६. पुतलीबजार बहु-उद्देश्यीय विकास केन्द्रले पेश गरेको कार्यक्रम सम्बन्धमा ।
७. टुनिखोला ढुङ्ग्यान कुलो निर्माण सम्बन्धमा ।
८. नव प्रवर्द्धन कार्यक्रम छनौट गरी पेश गर्ने सम्बन्धमा ।
९. विनी माधव लामिछानेलाई आर्थिक सहयोग दिने सम्बन्धमा ।
१०.पुतलीबजार१४ यु-२१ पुरुष भलिबल प्रतियोगिताका लागि आर्थिक सहयोग सम्बन्धमा ।
११.वृहस्पति अर्याललाई आर्थिक सहयोग दिने सम्बन्धमा ।
१२.ट्राफिक बोर्ड व्यवस्थापन सम्बन्धमा ।

२०८१ चैत्र ३१ गते, आइतबार

## ११६ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १ :**

११४ औं र ११५ औं कार्यपालिका वैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नुभएको प्रगति माथि छलफल गरियो साथै निर्णय कार्यान्वयनलाई अझै प्रभावकारी बनाउनको लागि सम्बन्धित शाखा / समिति वा निकायहरुलाई समाधानको लागि निर्देशन सहित सबै निर्णयहरुको समिक्षा भयो ।

**निर्णय नं २ :**

संघीय बजेट कटौतीका कारण समयमा सम्पन्न भएका कामको चालु आर्थिक वर्षमा सहजै भुक्तानी गर्न सकिने अन्यथा यस आर्थिक वर्षमा भुक्तानीमा समस्या आउन सक्ने वर्षातको समयमा भए/गरेका कामको तोकिए बमोजिमको गुणस्तर कायम हुन नसक्ने भएकाले सम्बन्धित सरोकारवालाहरुलाई मिति २०८२/१/३० भित्र काम सम्पन्न गरी भुक्तानीको लागि पालिकामा पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नगरपालिकाबाट खरिद हुने कार्यालय सामाग्री / सम्पत्तिको खरिद गरी भुक्तानी गर्नु अगाडी सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (Public Asset Management System (PAMS) ) मा खरिद गरिएको सामाग्री / सम्पत्ति अनिवार्य रुपमा प्रविष्ट गरेपश्चात मात्र भुक्तानी गर्नुपर्ने प्रावधान रहेकोले नगरपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्था लगायतका कार्यालयहरुमा आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने सामग्रीको एकिन विवरण तयार गरी खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

पुतलीबजार नगरपालिका वडा नं ११ अन्तर्गत *सिद्धार्थ राजमार्ग संग जोडिएको जी पी मार्ग अन्तर्गत सुम्रेखोला पुलको मुख लामपाटा तोरिखोला रिङ्दि पुल बेशी बाँसबारी बोडीखोल काउले हुँदै पर्वत जिल्ला जोड्ने सडक स्तरोन्नति* Contract ID : 03/PM/NCB/WORKS/O81/082 को कार्य मिति २०८१/१२/३१ गते सम्म सम्पन्न गर्ने गरी श्री शितला देवी निर्माण सेवा संग सम्झौता भएकोमा जनशक्तिको , निर्माण सामग्रीको तथा उपकरण अभाव र अन्य प्राविधिक समस्याहरुको कारण उक्त समयावधी भित्र योजना सम्पन्न गर्न असमर्थ रहेको भनि उक्त निर्माण सेवाबाट मिति २०८१/१२/१२ गते म्याद थपको लागि यस कार्यालयमा निवेदन प्राप्त भएको हुँदा उक्त योजनाको म्याद आगामी २०८२ जेष्ठ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :**

बाल श्रम मुक्त नगरपालिका कार्यक्रम प्रभावकारीरुपमा अगाडी बढाउँनका लागि उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, यातायात व्यवसायी संघ, होटल व्यवसायी संघ र नगर स्तरीय निजि तथा आवसीय विद्यालय अर्गनाइजेसनको महत्वपूर्ण योगदान रहने हुँदा उक्त संस्थाका अध्यक्षहरुलाई रोजगार संवाद मञ्चको सदस्यको रुपमा थप गर्ने निर्णय गरियो ।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रम्मी
नगर प्रमुख

२०८१ चैत्र ३१ गते, आइतबार

निर्णय नं ६ :

यस नगरपालिका र पुतलीबजार बहुउद्धेश्यीय विकास केन्द्र विच कृषि उपज संकलन केन्द्र संचालनको लागि भएको सम्झौताको म्याद आगामी २०८२ असार मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं ७ :

यस पुतलीबजार नगरपालिका वडा नं ३ स्थित टुनिखोला ढुंग्यान कुलो निर्माण योजनाको लागि सिंचाई कुलो मर्मत खर्च शिर्षकबाट भुक्तानी गर्ने गरी रु १,५०,००० ( अक्षेरुपी एक लाख पचास हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ८ :

मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार तथा समन्वय महाशाखा) गण्डकी प्रदेश बाट मिति २०८१/१२/२२ मा सूचना आब्हान गरिए बमोजिम नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका निर्देशिका, २०७८ बमोजिम नगरपालिकाको तर्फबाट लागत सहभागिता रहने गरी देहाय बमोजिमका कार्यक्रमको प्रस्ताव तयार गरी पेश गर्ने र सो प्रस्ताव बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको नविनत साझेदारी कोष कार्यान्वयन तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

प्रस्तावित कार्यक्रमको नाम : *"मुस्लिम समुदाय लक्षित चुरा पोते नर्माण उद्यम विकास तथा व्यवसाय प्रवर्द्धन परियोजना "*

फोकल पर्सनको नाम : धर्मराज ढुंगाना (प्रमुख प्रशासकीय अधिकृत)

<u>नविनतम साझेदारी कोष कार्यान्वयन समिति :</u>

| | |
|---|---|
| पूर्वाधार शाखा प्रमुख | अध्यक्ष |
| योजना शाखा प्रमुख | सदस्य |
| महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| सम्पत्ति व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| सूचना प्रविधि शाखा प्रमुख | सदस्य |
| रोजगार संयोजक | सदस्य सचिव |

<u>अनुगमन समिति :</u>

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| उप-प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८१ चैत्र ३१ गते, आइतबार

**निर्णय नं ९ :**

पुतलीबजार नगरपालिका वडा नं ११ निवासी श्री बिनी माधव लामिछाने दुर्घटनामा परि जिऊ नचल्ने र उपचारमा ठुलो खर्च लागेको साथै निजको आर्थिक अवस्था निकै कमजोर रहेकोले निजको औषधी उपचारमा सहयोग बापत रु ५०,००० (अक्षेरुपी पचास हजार मात्र) आर्थिक सहायता खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १० :**

पुतलीबजार नगरपालिका वडा नं १४ स्थित सतौं युनाइटेड क्लबले मिति २०८१/११/११ देखि २०८१/११/१४ सम्म यु-२१ पुरुष भलिबल प्रतियोगिता संचालन गरि खेल क्षेत्रमा योगदान गरे बापत मेयर संग खेलकुद प्रवर्द्धन खर्च शिर्षकबाट भुक्तानी हुने गरि रु ५०,०००/- (अक्षेरुपी पचास हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११ :**

मिति २०८०/०४/७ र ८ गतेको अविरल वर्षाका कारण पुतलीबजार नगरपालिका वडा नं १३ निवासी वृहस्पति आर्यालको घर अगाडी पहिरो गइ सौचालय, गोभर ग्यास प्लान्टको डोम र आगनमा समेत क्षति पुगी घर समेत जोखिममा परेको हुँदा आँधिखोला कोरिडोर अन्तर्गत गैरी जाँगरमा वृहस्पति अर्यालको घर संरक्षण शिर्षकमा विपद व्यवस्थापन कोषबाट रु १,००,०००/- (अक्षरुपि एक लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १२ :**

पुतलीबजार नगरपालिका क्षेत्र भित्र ट्राफिक बोर्ड व्यवस्थापन गरे बापत जिल्ला ट्राफिक कार्यालय, स्याङ्जाको सिफारिसका आधारमा उक्त कार्यमा भएको खर्च रु १,००,०००/-( अक्षरुपि एक लाख मात्र ) अन्य संघ संस्था सहायता खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**विविध :**

१. यस पुतलीबजार नगरपालिका वडा नं १३ मा निर्माणाधिन रहेको रोकाहा कुल मन्दिर उपभोक्ता समितिको माग बमोजिम बाकी कार्य सम्पन्न गर्नको लागि पूर्वाधार मर्मत सम्भार खर्च शिर्षक बाट भुक्तानी हुने गरी रु १५००००( अक्षरुपि एक लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२. चालु आर्थिक वर्ष २०८१/०८२ मा SuTRA मा बजेट प्रविष्टि गर्ने क्रममा खाद्यान्न बालिको विउ वितरण हुनु पर्नेमा भुलवस मकैको बिउ वितरण शिर्षकमा रु १५००००० प्रविष्टि भएकोमा मकैको विउ वितरणमा रु ८,१७,७१० खर्च भई बाँकी रहेको रकम रु ६,८२,२९०/- बाट धानको बिउ खरिद गरी वितरण गर्ने र आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

३. चालु आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन गर्ने गरी वडा नं २ को वडा स्तरिय योजनामा हुनिकोट सामुदायिक भवन सम्म जानेबाटो ढलान शिर्षकमा रु २,००,००० /- विनियोजन भएकोमा प्राविधिकबाट बाटो ढलान र सोही बाटोमा रहेको सामुदायिक भवनको ट्रस निर्माणको लागत अनुमान तयार गरी योजना सम्झौता भई

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख

प्राविधिक मुल्याङ्कन सहितका कागजात समावेश गरी भुक्तानी नगरपालिकामा पेश भएकोमा योजनाको शिर्षकमा बाटो ढलान मात्र हुन गएकोले आगामी नगर सभाबाट अनुमोदन गराउने गरी भुक्तानी दिने निर्णय गरियो ।

४. पुतलीबजार नगरपालिका वडा नं ९ मा चालु आर्थिक वर्षमा शहरी स्वास्थ्य केन्द्रको भवन मर्मत शिर्षकमा रु १,००,००० (अक्षरुपी एक लाख ) विनियोजित भएकोमा उक्त विनियोजित रकमवाट उल्लेखित भवनको मर्मत सम्भार हुन नसक्ने देखिएकोले वडा कार्यालयको चलानी नम्बर ६८४, मिति २०८१-१२-२९ को सिफारिस समेतको आधारमा आगामी नगर सभाबाट अनुमोदन गराउने गरी उक्त रकम मण्डलीथान देखि कोटकालिका सडक निर्माणमा खर्च गर्ने गरि संसोधन गर्ने निर्णय गरियो ।

५. यस पुतलीबजार नगरपालिका वडा नं ३ को वडा कार्यालय सेतो गुराँस सामुदायिक भवन गोदगोदेमा स्थानान्तरण गर्दा कार्यालयको फर्निसिङमा खरिद गरिएका कार्पेट पर्दा लगायतका सामग्रीहरु खरिद गर्दा खर्च भएको रकम रु १२५०००/- (अक्षरुपि एक लाख पच्चिस हजार ) खर्च शिर्षक फर्निचर तथा फिक्स्चर (वडा कार्यालय समेत ) बाट भुक्तानी गर्ने निर्णय गरियो।

६. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट माग भए अनुसार आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिलका साना व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट ) विकास कार्यक्रम छनौट गरी पठाउने निर्णय गरियो।

तपसिल :

क) तरकारी पकेट विकास कार्यक्रम

ख) बाखा पकेट विकास कार्यक्रम

७. गण्डकी प्रदेश सरकार गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखराको मित २०८१/१२/१३ गते प्रकाशित सूचना बमोजिम आर्थिक वर्ष २०८२/०८३ को समपुरक तथा विशेष अनुदान अन्तर्गत प्राथमिकताको आधारमा देहाय बमोजिमका आयोजना तथा कार्यक्रम प्रस्ताव गरी पठापउने निर्णय गरियो।

क. समपुरक अनुदान तर्फ

| क्र.स | आयोजनाको नाम | अनुमानित वजेट | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १. | मायाटारी पोखरीचौर वेलवास सडक स्तरोन्नती | २,०७,८४,८४३/- | वडा नं.११ |
| २. | सहिदचोक सुनारगाउँ कुनाखेत सडक स्तरोन्नती | २,०१,०६,४५१.२८/- | वडा नं.३ |

ख. विशेष अनुदान तर्फ

| क्र.स | आयोजनाको नाम | अनुमानित वजेट | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १. | मासुमा आत्मनिर्भर तथा स्वस्थ मासु उत्पादन परियोजना | ३६,००,०००/- | |
| २. | गहुँ तथा मकै पकेट कार्यक्रम | ३७,००,०००/- | |

.........

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.................

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८१ चैत्र ३१ गते, आइतबार

८. नगरपालिकाबाट ५० प्रतिशत अनुदानमा वितरण गरिएका हाते ट्याक्टर र बाखाको बोका आफ्नो निजी प्रयोग वाहेक अन्य छर छिमेकीको खेतबारी खन्ने कार्यमा ट्याक्टर भाडामा उपलब्ध गराए बापत प्रति घण्टा बढीमा ८००/- (अक्षरुपि आठ सय) र बाखाको प्रजन्न कार्य गरेबापत प्रति बाखा रु २०० (अक्षरुपि दुई सय) भन्दा बढी लिन नपाउने निर्णय गरियो।

९. वडा नं. १३ को कार्यालयको मिति २०८१/१२/०५ पत्र संख्या २०८१/०८२ र चलानी नम्बर १६८७, को सिफारिस बमोजिम हुदी मुहान बासकोट गैरी जागर सिचाँई कुलो मर्मत सम्भार तथा स्तरोन्नतीका लागि सिँचाई कुलो निर्माण तथा मर्मत शिर्षक बाट भुक्तानी लेख्ने गरी रु एक लाख उपलब्ध गराउने निर्णय गरियो।

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम रेग्मी
नगर प्रमुख